बडीमालिका नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
Office of the Municipal Executive
मार्तडी, बाजुरा
सुदूरपश्चिम, प्रदेश, नेपाल

फोन : ०९७ - ५४१२६ (नगर प्रमुख)
०९७ - ५४१२८२ (नगर उप-प्रमुख)
०९७ - ५४१२०४ (प्रमुख प्रशासकीय अधिकृत)
०९७ - ५४१२८४ (लेखा अधिकृत)
फ्याक्स : ०९७-५४१२६८
०९७-५४१०६७ (पञ्जीकरण)

प.स. : ०७५/०७६
च.न. : ११५२

मिति : २०७५/१२/१५

विषय : कार्यपालिका बैठकको निर्णय प्रतिलिपी पठाइएको सम्बन्धमा ।

श्री १ नं. वडा कार्यालय पिनालेक
श्री २ नं. वडा कार्यालय भौनेरा
श्री ३ नं. वडा कार्यालय रजाली
श्री ४ नं. वडा कार्यालय रिला
श्री ५ नं. वडा कार्यालय मना
श्री ६ नं. वडा कार्यालय कोर्ध
श्री ७ नं. वडा कार्यालय चुथि
श्री ८ नं. वडा कार्यालय मार्तडी
श्री ९ नं. वडा कार्यालय मार्तडी

उपरोक्त सम्बन्धमा मिति २०७५/१२/१४ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय प्रतिलिपी पाना ४ (चार) यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

दीर्घराज भट्टराई
(उपसचिव)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री आर्थिक प्रशासन शाखा : निर्णय बमोजिम गर्नु हुन ।
श्री प्राविधिक शाखा : जानकारीका लागि ।
श्री सूचना प्रविधि शाखा : नगरपालिकाको वेइभ साइटमा अपलोड गर्न हुन ।

**वैठकमा छलफल भएको बिषय तथा निर्णयहरु: (२०७५।१२।१४ गते बसेको कार्यपालिका)**

१. हिँउदे अधिवेशन (चौथो नगरसभा) सम्बन्धमा ।
२. राजश्व परामर्श समितिको प्रश्तावका सम्बन्धमा ।
३. बडीमालिका नगरपालिकाको खरिद नियमावली सम्बन्धमा ।
४. वार्षिक परीक्षा सम्बन्धी नगर शिक्षा समितिको निर्णयलाई पेश गर्ने ।
५. योजना अनुगमन तथा मुल्याङ्कन सम्बन्धमा ।
६. योजना सम्झौताका सम्बन्धमा ।
७. दोस्रो चौमासिक समीक्षा सम्बन्धमा ।
८. क्रमागत योजना सम्बन्धमा ।
९. वरोजगार तथ्याङ्क संकलन सम्बन्धमा ।
१०. दिगो विकास लक्ष्य सम्बन्धमा ।
११. विविध बिषय सम्वन्धमा ।
  क. योग शिविरलाई सहयोग गर्ने ।
  ख. कर्णाली मेडिकल कलेजको सहयोगमा संचालन हुने स्वास्थ्य शिविर सम्बन्धमा ।
  ग. विपद् जोखिम पार्श्वचित्र तयारी तथा आवधिक योजना सम्बन्धमा विज्ञको पारिश्रमिक तथा सुविधा समर्थन सम्बन्धमा ।
  घ. गेटा अस्पतालको सहयोगमा निशुल्क आँखा शिविर संचालन गर्ने सम्बन्धमा ।
  ङ. वहुक्षेत्रीय पोषण कार्यक्रममा रकम व्यवस्थापन सम्बन्धमा ।

प्रतिलिपी उतार

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**निर्णयहरु :**

निर्णय नं. १ :

प्रस्ताव नं. १. माथि छलफल गर्दा बडीमालिका नगरपालिकाको हिँउदे तथा चौथो अधिवेशन मिति २०७५ चैत्र २९ विहान ११:०० बजे शुरु गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि राजश्व परामर्श समितिले प्रश्ताव गरि पेश भएका करका दर एवं दायराका विषयमा राजश्व परामर्श समितिमा पुनः छलफल गरी पेश गर्ने निर्णय गरियो ।

२(क) गत बर्षको आर्थिक ऐनले तय गरेका मालपोतका दरहरु २ रोपनीसम्मको ७५ रुपैंया र थप रोपनीमा प्रति रोपनीमा रु १५ का दरले निर्धारण भएको र कायम भएको दर उच्च भएको भनि प्राप्त जनगुनासो समेत प्राप्त भएको सन्दर्भमा समग्र कर तथा मालपोत शुल्क (कर) सम्बन्धी सुझाव पेश गर्न देहायको उपसमिति गठन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रतिलिपी उतार

उपसमितिः
सदस्य : विनोद कुमार वि.क.
सदस्य : रामबहादुर कार्की
सदस्य : कला बडुवाल
सदस्य : जयन्ती सिंह हमाल
सदस्य-सचिव : नगरपालिका कार्यालयले तोकेको व्यक्ति

२(ख) नगर क्षेत्रको समग्र जनताको जग्गाको श्रेष्ता (ढड्डा) लगत विवरणलाई अद्यावधिक गरी आ.व. २०७६/०७७ मा नयाँ ढड्डा उपलब्ध गराउने सन्दर्भमा मालपोत कार्यालयको समन्वय तथा सम्पर्कमा नगरपालिकाले आवश्यक व्यवस्था गरी अद्यावधिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३. बडीमालिका नगरपालिकाको स्थानीय खरिद नियमावली तर्जुमा गर्नका लागि मस्यौदा अध्ययन गरी विधायन समिति मार्फत अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । विधायन समितिलाई सहयोग गर्न निम्न सदस्य रहने गरी उपसमिति गठन गरियो ।

**विधायन समितिलाई सहयोग गर्न गठित उपसमितिः**

| | |
|---|---|
| संयोजक : | बल बहादुर थापा |
| सदस्यः | वीर बहादुर रावल |
| सदस्यः | हर्क बहादुर लोहार |

निर्णय नं. ४

प्रस्ताव नं. ४. माथि छलफल गर्दा बडीमालिका नगरपालिका क्षेत्रमा रहेका विद्यालयको कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा संचालन तथा व्यवस्थापनमा भएको खर्चका सम्बन्धमा परीक्षा सञ्चालन उपसमितिबाट प्राप्त प्रतिवेदन, वील तथा भरपाई समेतलाई हेरी नगर शिक्षा समितिले कार्यपालिकामा पेश गर्ने निर्णय गरेको । प्राप्त निर्णय तथा प्रतिवेदन समेतको अवस्थालाई मध्येनजर गर्दा परीक्षा संचालनको क्रममा कुल खर्च ७,३१,८७९।४० (सात लाख एकतीस हजार आठ सय उनान्असी र पैसा चालिस मात्र) भएको भनि आएकोमा प्रश्नपत्र निर्माणको क्रममा देखिएका त्रुटी एवं खटाईको मापदण्डको आधारमा पुर्नविचार गरी तय गर्नु पर्ने देखिएकोले शिक्षकहरुको विज्ञता तथा प्राविधिक, ढुवानी, टाइपिङ्ग बाहेक हाललाई छपाई तथा स्टेशनरी लगायतको रकम नियमानुसार भुक्तानी दिन अनुमती प्रदान गर्ने । सो रकमको व्यवस्थापन गर्दा सशर्त तर्फ परीक्षा संचालनको लागि प्राप्त भएको रकमले पुग्ने सम्मको रकम सोही शिर्षकबाट र नपुग रकम शिक्षा तर्फ स्वयंसेवक शिक्षकको तलवमा खर्च नभएको रकमबाट खर्च व्यवस्थापन गर्न नगरपालिकालाई अनुमति प्रदान गर्ने निर्णय गरियो । उल्लेखित विषयका अतिरिक्त मिति २०७५ चैत्र १३ गते बसेको बडीमालिका नगरस्तरीय शिक्षा समितिले निर्णय गरी नगरकार्यपालिकामा पेश भएका निर्णयलाई अनुमोदन गरियो ।



बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रतिलिपि उतार्ने

निर्णय नं. ९: विविध बिषयहरुका निर्णयहरु

९(क) योग शिविर सहयोग : जिल्ला योग शिविर संचालनका लागि जिल्ला योग समितिको आयोजनामा संचालित योग शिविर संचालनका लागि नगरपालिकामा प्रस्ताव गरिएको १,५०,०००/- मध्ये नगरपालिकाबाट बचत हुने शिर्षकबाट रु ७५,०००/- ( पचहत्तर हजार) उपलब्ध गराउने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

९(ख) कर्णाली मेडिकल कलेजको सहयोगमा संचालन हुने स्वास्थ्य शिविर संचालनका लागि विशेषज्ञ सहित प्राविधिकको खाना वस्नाको व्यवस्थापन नगरपालिकाले गर्ने निर्णय गरियो ।

९(ग) बडीमालिका नगरपालिकाको विपद् जोखिम नक्साङ्कन तयारी गर्ने कार्यमा विज्ञ परामर्शदाता विकिरण गौतमले कार्य गरे बापत सम्झौता बमोजिम भुक्तानी गरिएको तथा बडीमालिका नगरपालिकाको पञ्चवर्षिय योजना निर्माणका लागि विज्ञ सेवा प्रदान गरे बापत सम्झौता बमोजिमको भएको खर्च रकम रु १,६३,०००० ( एक लाख त्रिसट्टी हजार) समर्थन गरियो ।

९(घ.) गेटा आँखा अस्पतालको सहयोगमा यस वडीमालिका नगरपालिका क्षेत्रमा जनसमुदायको लागि निःशुल्क आँखा शिविर संचालन गर्नका लागि गेटा आँखा अस्पतालबाट प्राप्त प्रस्ताव बमोजिमको रकम स्वास्थ्य क्षेत्रमा विनियोजित वजेटबाट व्यवस्थापन गरी शिविर संचालन गर्ने निर्णय गरियो ।

९(ङ.) वार्षिक कार्यक्रममा स्वीकृत भएको वहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ प्राप्त हुने रकममा नगरपालिका तर्फबाट रु ८ लाख रकम व्यहोर्ने गरी साझेदारी गरिएकोमा बजेट वयवस्थापनमा छुट भएको देखिएको र कार्यक्रम संचालन गर्नु अतिनै आवश्यक देखिएको हुँदा नगरपालिकाको तर्फबाट साझेदारी गर्नु पर्ने रकम रु. ८ लाख हाललाई नगरपालिकाको समपुरक कोष (म्याचिङ्ग फण्ड)बाट व्यवस्थापन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

९(च) वरोजगार तथ्याङ्क संकलन सम्बन्धमा सबै वडामा लगत संकलन फारम पठाउने र सो फाराम बमोजिम २०७५ चैत्र मसान्तसम्म वेरोजगारहरुको तथ्याङ्क संकलन गरी २०७६ बैसाख ७ गते भित्र नगरपालिकामा विवरण पठाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

९(छ) वडीमालिका नगरपालिकाको निर्णयबाट दिगो विकास लक्ष्यका सम्बन्धमा एसिया प्यासिफिक युवा कार्यक्रम, मनिला, फिलिपिन्स जानका लागि बडीमालिका नगरपालिका वडा नं. ८ निवासी श्याम भक्त थापालाई रु. २ लाख नगरपालिकाबाट आर्थिक सहयोग भएमोमा निजले प्राप्त गरेको ज्ञान, सीप, अनुभवलाई नगर कार्यपालिकाका सदस्यहरु माझ आदान प्रदान गरियो । साथै आगामी दिनमा योजना तर्जुमा गर्दा सो ज्ञानलाई समेत आवश्यकता अनुसार उपयोग गर्ने निर्णय गरियो ।

९(ज) बडीमालिका नगर सभाबाट विनियोजित वार्षिक बजेटको सीमाभित्र रही जल्ला दररेट अनुसार आफ्नो वडा कार्यालय नभएको स्थानमा वडा कार्यालय, आधारभुत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र र वर्थिङ्ग सेन्टरका स्थापनाका लागि आवश्यक जग्गा खरिद गर्ने निर्णय गरियो ।



बडीमालिका नगरपालिका
नगरपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत